लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
तौलिहवा, कपिलवस्तु

प.स. २०८२।०८३
च.न. 423

विद्यालय स्वास्थ्यकर्मी पदका लागि दरखास्त दिने सम्वन्धी सूचना।
(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।१२।२६)

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि,२०८२ बमोजिम गठित निर्देशक समितिको मिति २०८२।१२।२२ को निर्णय र शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) नेपालको च.न. ४११ मिति २०८२।१२।२३ को पत्रानुसार कपिलवस्तु र अर्घाखाँची जिल्लाका विभिन्न विद्यालयहरुमा विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन गर्न छनौट भएका तपसिलमा उल्लेखित विद्यालयहरुको लागि विद्यालय स्वास्थ्यकर्मी पदको लागि १/१ योग्य स्वास्थ्यकर्मी करारमा लिन आवश्यक परेकोले इच्छुक नेपाली नागरिकहरुवाट लुम्बिनी प्रदेश सरकार, विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि,२०८२ को अनुसूची ३ वमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

- पद: विद्यालय स्वास्थ्यकर्मी
- आवश्यक संख्या:

| सि.न. | विद्यालयको नाम | ठेगाना | छनौट गर्नुपर्ने स्वास्थ्यकर्मीको संख्या |
|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक मावि | एशोधरा, ५ कपिलवस्तु | १ जना |
| २ | श्री गौतमबुद्ध मावि | बुद्धभुमि, २ कपिलवस्तु | १ जना |
| ३ | श्री बुद्ध पदम मावि | कपिलवस्तु, २ तौलिहवा | १ जना |
| ४ | श्री जानकी मावि | महाराजगंज, १ कपिलवस्तु | १ जना |
| ५ | श्री वाणगंगा मावि | वाणगंगा ८ लौगाई, कपिलवस्तु | १ जना |
| ६ | श्री ज्योति मावि | शितगंगा ४ ठाडा अर्घाखाँची | १ जना |
| ७ | श्री जीवनोद्धार मावि | सन्धिखर्क, ५ वाङ्ला अर्घाखाँची | १ जना |
| ८ | श्री सूर्य मावि | मालारानी, ९ गोखुङ्गा अर्घाखाँची | १ जना |
| ९ | श्री आदर्श मावि | मालारानी, ३ खनदह अर्घाखाँची | १ जना |
| १० | श्री सरस्वती मावि | शितगंगा, २ सितापुर अर्घाखाँची | १ जना |

- आवश्यक योग्यता
  - मान्यता प्राप्त शैक्षिक संस्थावाट कम्तिमा **HA/Staff Nurse** उत्तिर्ण भएको

०८२।१२।२६

पुण्य प्रसाद न्यौपाने
कार्यालय प्रमुख

- नेपाली नागरिक
- परिषदमा दर्ता भएको
- अठार वर्ष पुरा भई चालिस वर्ष ननाघेको
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको

➢ छनौटका आधारहरु विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि,२०८२ को अनुसूचि २ मा तोकिए वमोजिम हुनेछ। यसरी छनौट गर्दा न्यूनतम शैक्षिक योग्यता वापत २० अंक, अनुभव वापत ५ अंक, भौगोलिक बसोबासको आधारमा १० अंक गरी कुल प्राप्तांकको आधारमा छोटो सूचि प्रकाशित गरिने छ। छोटो सूचिमा परेका उम्मेद्धार मात्र अन्तर्वातामा सहभागी हुन पाउनेछन । भौगोलिक बसोवास वापतको अंकको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिने र नागरिकताको ठेगाना र हाल बसोवासको ठेगाना फरक भएमा सम्वन्धित स्थानिय तहवाट जारी भएको बसाइसराइ र महिलाको हकमा विवाह दर्ताको कागजातको आधारमा गरिने छ।

➢ विद्यालय स्वास्थ्यकर्मीको सेवा सुविधा र काम कर्तव्य र अधिकार विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि,२०८२ मा तोकिए वमोजिम हुनेछ।

➢ दरखास्त दिने अन्तिम मिति : २०८३।०१।१०

➢ आवश्यक कागजातहरु:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- समकक्षताको प्रमाणपत्रको प्रतिलिपि ( आवश्यक पर्नेमा)
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित परिषदको लाईसेन्सको प्रतिलिपि
- स्थानिय तहमा बसोबास गरेको प्रमाण देखिने र खुल्ने कागजातहरु (विवाह दर्ता,बसाइसराइ)
- उम्मेद्धारले प्राथमिकताको आधारमा काम गर्न चाहेका विद्यालयहरुको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

पुन्य प्रसाद न्यौपाने
कार्यालय प्रमुख